म.जि.प्र.का.दर्ता नं.-११५

www.pradeshdaily.com

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्षः १४, अंकः-२८५, २०८३ जेठ ९ गते शनिबार (Saturday, 23 May 2026), पृष्ठ-४, मूल्य रू.३/-

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं

➪जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
➪संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
➪सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
➪विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
➪राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
➪विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
➪लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

*गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सोमबारबाट बागमती प्रदेशको बजेट अधिवेशन

♦*प्रदेश दैनिक*

हेटौंडा/यही जेठ ११ गते सोमबारबाट बागमती प्रदेश सभाको बजेट अधिवेशन सुरु हुने भएको छ ।

बिहीबार बसेको बागमती प्रदेश सरकार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार प्रदेश प्रमुखबाट प्रदेश सभाको १८ औं अधिवेशन आह्वान भएको हो । बागमती प्रदेश सरकारका प्रवक्ता समेत रहेका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार अधिवेशनको पहिलो बैठक सोमबार दिउँसो १ बजे बस्नेछ । मन्त्रिपरिषद्ले अधिवेशन आह्वानका लागि प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा समक्ष सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा देवकोटाले संविधानको धारा १८३ को उपधारा ९१० बमोजिम प्रदेश सभाको अधिवेशन आह्वान गरेका हुन् । प्रदेश प्रमुखद्वारा जारी सूचना अनुसार अधिवेशन हेटौंडा उपमहानगरपालिका परिसरमा रहेको सभाहलमा सञ्चालन हुनेछ ।

आगामी अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गरिने जनाइएको छ । यसैबीच मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारको कार्य विभाजन नियमावली संशोधन गर्ने निर्णय पनि गरेको छ । मन्त्रालयहरूको संख्या तथा कार्यक्षेत्रमा गरिएको पुनर्संरचनापछि जिम्मेवारी स्पष्ट पार्न नियमावली परि मार्जन गरिएको प्रदेश सरकारका प्रवक्ता तामाङले जानकारी दिएका छन् । यसअघि बागमती प्रदेश सभाको १७ औं अधिवेशन यही जेठ १ गते शुक्रबार राति १२ बजेबाट अन्त्य गरिएको थियो ।



दैनिक प्रदेश
PRADESH DAILY NEWSPAPER

## सरकारलाई नेकपाको ४८ बुँदे सुझाव

हेटौंडा/बागमती प्रदेश सभाको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई बजेटमा समेट्नुपर्ने ४९ बुँदे सुझाव दिएको छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेट तयारी सुरु गरेको बेला नेकपाले ४९ बुँदे सुझाव पेस गरेको हो । प्रदेश सभा संसदीय दलका नेता शालिकराम जम्कट्टेलले मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँलाई सुझाव पत्र बुझाउँदै संघीयताको प्रभावकारी कार्यान्वयन, विकास खर्च वृद्धि, सामाजिक सुरक्षा विस्तार र उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुपर्ने सुझाव दिएका हुन् । नेकपाले आफ्नो नेतृत्वमा अघि बढाइएका कार्यक्रमलाई निरन्तरता दिन माग समेत गरेको छ ।

सुझावमा प्रादेशिक सडक गुरुयोजना, 'एक विद्यालय : एक नर्स', चेपाङ-चिउरी-चमेरो कार्यक्रम, गृहिणी महिला सशक्तीकरण, मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण, वडा समाजवादी कार्यक्रम, विद्यालयमा पढ्दै-सिक्दै कार्यक्रम, द्वन्द्वपीडित सशक्तीकरण तथा समुदायमा आधारित कृषि उत्पादन कार्यक्रमलाई निरन्तरता दिन माग गरिएको छ । नेकपाले प्रदेश सरकारलाई संघीय संरचनाको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेश अधिकार सुनिश्चित गर्न आवश्यक कानुन, स्रोत र जनशक्ति व्यवस्थापन गर्न सुझाव दिएको छ। एउटै प्रकृतिको काम धेरै कार्यालयबाट हुने प्रवृत्ति अन्त्य गर्दै एकद्वार प्रणालीमार्फत कार्यान्वयन गर्नुपर्ने, अधुरा तथा क्रमागत आयोजनालाई प्राथमिकता दिनुपर्ने तथा बजेट तर्जुमा मापदण्ड संशोधन गर्नुपर्ने सुझाव दिएको छ ।

यस्तै भदौ २३ र २४ गतेको नवयुवा आन्दोलनका क्रममा भएको सरकारी संरचना तथा सम्पत्तिको क्षतिबारे श्वेतपत्र जारी गर्न माग गरेको छ । सोही आधारमा अल्पकालीन तथा दीर्घकालीन पुनर्निर्माण कार्यक्रम ल्याउनुपर्ने सुझावमा उल्लेख छ ।

# अरनिको माविको ४७ औं अभिभावक भेला

♦*प्रदेश दैनिक*

हेटौंडा/हेटौंडा १९ नेवारपानीमा रहेको अरनिको माविको ४७ औं अभिभावक भेला शुक्रबार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष गान्धी घलानको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा १९ नम्बर वडा अध्यक्ष नरनाथ सुवेदी 'नवराज'को प्रमुख आतिथ्यता रहेको थियो । भेलाको अवसरमा विद्यालयका उत्कृष्ट शिक्षक, एसईईमा उत्तीर्ण भएका विद्यार्थीलगायतलाई सम्मान एवम् कक्षागत परीक्षामा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीलाई पुरस्कार समेत प्रदान गरिएको थियो । भेलामा सहायक प्रधानाध्यापक राजु घले तथा शिक्षकहरु कृष्णचन्द्र रिजाल, पवित्रा बस्नेत, रेणुका आचार्य, जानुका दाहाल र राधा ढकाललाई सम्मान गरि एको थियो । यस्तै अरनिको माविकबाट एसईई उत्तीर्ण भएका १२ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । एसईई पास भएका विद्यार्थी र उत्कृष्ट शिक्षकलाई हेटौंडा १९ मै रहेको चनौटा सामुदायिक वन उपभोक्ता समितिले समेत पुरस्कार प्रदान गरेको थियो ।




१९ नम्बर वडा अध्यक्ष सुवेदीले अंग्रेजी माध्यमको पढाईलाई समेत अघि बढाउँदै लगेको अरनिको माविको लागि आवश्यक सहयोग र सहकार्य गर्न वडा कार्यालय सदैव तयार रहेको बताए । अरनिको माविले भौतिक पूर्वाधारसँगै पढाई समेत सुधार गर्दै गएको भन्दै उनले खुसी व्यक्त गरे । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका शिक्षा अधिकृत रमेश बिडारी, राष्ट्रिय स्वतन्त्र पार्टी हेटौंडा १९ सभापति अजित बैजु, विद्यालयका पूर्व अध्यक्ष नारायण थोकर, टोल विकास संस्था वडा समन्वय समिति संयोजक देवेन्द्र अर्याल, चनौटा सामुदायिक वनका अध्यक्ष हरिशरण पौडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

शिक्षक पशुपति नहर्कीले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा विद्यालयको अवस्थासहितको प्रगति प्रतिवेदन प्रधानाध्यापक विष्णु परियारले र आर्थिक प्रतिवेदन लेखापाल राममाया सापकोटाले प्रश्तुत गरेका थिए । व्यवस्थापन समिति अध्यक्ष घलानले विद्यालयलाई थप सुधार गर्दै लगिएको दावी गरिन् । शुक्रबारको भेलाले विद्यालय व्यवस्थापन समिति सदस्यमा ४ जनालाई चयन गरेको छ । सदस्यमा चयन हुनेमा गान्धी घलान, सृजना बिडारी, इन्द्रमाया लो र लोकबहादुर मुक्तान रहेका छन् ।

सदस्यबाट व्यवस्थापन समितिको अध्यक्ष चयन हुने विद्यालयका सहायक प्रधानाध्यापक राजु घलेले जानकारी दिए ।



# कथा : मिस यु गोपी



पूर्ण ओली

प्रशिक्षक डा. सङ्गीता आचार्य मल्टिमिडियामार्फत् साइन्टिफिक राइटिङ प्रशिक्षणको सिलसिलामा रङ्गीचङ्गी स्लाइडहरू प्रदर्शनमा व्यस्त थिइन् । डा आचार्यको उँचो तर मिठो आवाज र स्लाइडहरूको झिलिमिलीमा एकाग्र भइरहेको वेला पछिल्तिरबाट सहजकर्ताले आफ्नो नाम बोलाएपछि ओमप्रकाशले टाउको पछिल्तिर फर्कायो । ‘बाहिर तपाईँलाई भेट्न मान्छे पर्खिरहनुभएको छ ।’ उसले सुनेको नसुनेई गऱ्यो । उसको लागि साइन्टिफिक राइटिङको कक्षाभन्दा महत्त्वपूर्ण बाहिरको मान्छे हुनै सक्तैनथ्यो । सहजकर्ताले उसलाई फेरि घचघच्याए: ‘उहाँले चिठी तपाईँको हात पारेर फर्किहाल्ने रे ।’

‘साइन्टिफिक जमानामा पनि केको हाते चिठीपत्र ? जाबो अफिसियल चिठी त हजुरले नै बुझिदिए भैहाल्थ्यो नि सर !’ ‘मैले बुझिदिन्छु भनेकै हुँ । मान्नुभएन । अत्यन्त गोप्य छाप लागेको विशेष चिठी हो रे !’ ‘अत्यन्त गोप्य’ यी दुई शब्द सुन्नेबित्तिकै ओमप्रकाश दुशङ्काले खङ्ङै भयो । नौनाडी खिचिए । मुटुले थातथलो छोड्लाझैँ भयो । जिउ लल्याकलुलुक भयो । चिठीपत्रको जमाना समाप्तप्राय: भैसकेको अवस्थामा ‘अत्यन्त गोप्य’ छाप लागेको औपचारिक चिठी आृनो नाममा आइपुग्नु शुभसंकेत थिएन । उसले यसअघि काम गरेको कार्यालयमा भ्रष्टाचार निवारण कार्यालयबाट गोप्य छाप लागेका पत्रहरू आइरहन्थे । सोको छानविन गरेर सफाइउन्मुख प्रतिवेदन पेस गर्नुपर्थ्यो । यस्ता पत्र आइपुग्दा कार्यालयको माहोल रनक्कै तात्तिन्थ्यो । कर्मचारीहरू एकले अर्कालाई उजुरी गरेको भन्दै दोषारोपण गर्दथे । धन्न यस्तो पत्र ओमप्रकाशको नाममा आएको थिएन र उसले पुरानो अफिसबाट तुरुन्तै यस अफिसमा सरुवा गराएको थियो । उसलाई जता कर्म उतै भाग्य डोरिन्छ भन्ने उखान चरितार्थ भएझैँ लाग्यो ।

‘किन तर्सिन्छस् ? नबिराउनु नडराउनु !’ उसको एक मनले ढाढस दियो । ‘यो जमानामा बिराम गरिराख्नै पर्दैन । जसले जे मन लाग्यो त्यही उजुरी हालिहाल्छन् ।‘ अर्को मनले फेरि डर हाल्दियो । भुइँ फनफनी रिङेझैँ भयो । ओमप्रकाश सिटबाट मुस्किलले उठेर फलामको भारी बोकेझैँ लत्रिँदै बाहिर गयो । तालिम-हलको प्रवेशद्वारमा उसको पूर्व कार्यालयकी सहायक कर्मचारी ’आकृति’ सोह्र सज्जामा उभिएकी थिई । उसको जिउको सुगन्धित पर्फ्युम तालिम हलभित्रै छिरेको थियो । परन्तु त्यो सुगन्ध उसलाई दुर्गन्ध प्रतीत भयो । उसलाई देख्नेबित्तिकै आकृतिले मादक मुस्कानले स्वागत गरी । उसको मुस्कानले मै हुँ भन्ने जवान पनि फत्रक्क गल्नबाट जोगिँदैनथे । ऊ पूर्व हाकिमकी पीए थिई । तर अहिले ! आकृतिको सुगन्धित औ सुन्दर आकृतिले उसलाई पटक्कै गलाएन । उसको मनमा त्रास अर्कै थियो । उसको मुस्कानमा कुटिल व्यङ्ग्य देख्यो । कन्चटमा चिटचिट पसिना निकाल्दै आकृतिको हातबाट पत्र खोसेर आफ्नो पाइन्टको खल्तीमा घुसार्दै भन्यो: ‘चिठी त बाहिरै छोडेर गए भैहाल्थ्यो नि !’

चिठी के सम्बन्धमा थियो भनी सोध्ने ऊसँग हिम्मत तथा औचित्य बाँकी थिएन । उस्तै मृदु मुस्कान छोड्दै उसले भनी, ‘हमाल सरले चिठी हजुरकै हातमा मात्र दिनु भन्नुभएको थियो । सक्दो छिटो पत्र हेर्नुहोला रे ।‘ आकृतिको मिठो बोली उसलाई कर्कस लाग्यो । कुटिल मुस्कानले थप चिढायो । विगतमा आकृतिलाई नै खोजिरहने आँखा अहिले ऊ सामुन्ने हुँदा पनि सिधा हेर्न सकेन । आकृतिले उसको जिउमा तातो भुङ्ग्रो खन्याएर फर्कीई । उसले त्यो चिठी तालिम सकिएपछि मात्र खोल्ने निर्णय गऱ्यो र ओठमुख सुकाएर चलिरहेको कक्षाभित्र छिऱ्यो । आफूलाई संयमित तुल्याउँदै कक्षातिर ध्यान दिन प्रयास गऱ्यो । तर पाइन्टको गोजीमा चिठी होइन आगोको फिलिङ्गो हालेसरि पोलिरह्यो । प्रशिक्षकले डेढ घण्टासम्म के के फलाके केही पनि हेक्का रहेन । प्रशिक्षकले पहिलो कक्षा सिध्याए । इन्टर्भलपछि अर्को कक्षा सुरु भइहाल्यो । उसले सोच्यो, ‘कुन कार्यालयको चिठी रहेछ त्यति हेर्दैमा के बिग्रियो र ? सोचेअनुसारको ठाउँबाट नआएको पनि त हुनसक्छ !’ हिम्मत बटुलेर हात कँपाउँदै खल्तीबाट खाम तान्यो । खामको मुख च्यातेर चिठी अलिकति माथि साऱ्यो । चिठीको सिरानमा पठाउने कार्यालयको नाम थिएन । पूरै चिठी खामबाट निकाल्नै पर्ने भयो । खाम र चिठीको खस्याकखुसुकले सँगै बसेको साथीलाई डिस्टर्ब गरेछ क्यारे, आँखा तर्दै अर्को बेन्चमा सरे ।

उसको ध्यान अन्तै विचरण गरेको आभास पाएर प्रशिक्षक घरीघरी उसको सामुन्ने आउँदा सजग भएझैँ देखिन्थ्यो । प्रशिक्षक फर्केको मौका छोपी उसले खाममा घुसारिसकेको चिठी फेरि तानेर हेऱ्यो । खाम र चिठीको पाना फर फर कामिरहेको थियो । चिठीको सम्बोधन देखेर उसको आँखा र हात ठाउँको ठाउँ भए । जिल्लिँदै उसले लामो सास तान्यो । सम्बोधन यस्तो थियो:

‘पृय गोपी, मिस यु अ लट ।’

गोपी ? को गोपी ? अर्कै व्यक्तिलाई लेखिएको पत्र आइपुगेको ठानेर उसलाई अक्करमा बिझेको काँडा आफै खसेजत्तिकै हाइसन्चो भयो । उसले चिठी खल्तीमै कोच्यो र भारी दिललाई हलुङ्गो तुल्याएर अधमरो कक्षातिर ध्यान लगाउने प्रयत्न गऱ्यो । उसको मनमा कौतुहलता मच्चिरह्यो । को गोपी ? आफूलाई केही साथीभाइले ओपी भन्थे । ओमप्रकाशको छोटो रूप ओपी पो थियो कि ? सुनिश्चित गर्न फेरि चिठी निकालेर हेऱ्यो । सम्बोधनमा ‘पृय गोपी’ नै उल्लेख थियो । विगतको कार्यालयमा गोपी नामको कर्मचारी पनि थियो । उसैलाई लेखिएको पत्र हुनुपर्छ भनी ऊ निश्चिन्त भयो । त्यसो हो भने आकृतिको हातबाट आफूलाई चिठी पठाउने साहस कसले गऱ्यो होला त ? कतै आकृतिले नै पो लेखी कि ? आकृति, स्वर्गकी अप्सराजस्तै । जसलाई पाउन जोसुकै पनि मरिहत्ते गर्थे । पूर्व हाकिमले त उसलाई आृनी रखैल नै बनाएको थियो । उसैले लेखेको भए पनि के बिग्रियो र ? यसै बेला खाजा खाने लामो घण्टी बज्यो । ऊ पिँजडामा थुनिएको चरालाई छोडिदिँदा जस्तो हुन्छ त्यस्तै अनुभूति सँगाल्दै भुर्र उडेर आृनो कार्यकक्षमा पुग्यो र कुर्सीमा ढल्किएर पत्रको बेहोरा पढ्न थाल्यो ।

‘पृय गोपी, मिस यु अ लट’

तिम्रो सम्झनाले फेरि आज यो सानो खोपडी नराम्ररी गिजोल्यो । त्यसो त तिमी बिर्सन खोज्दैमा सर्लक्कै बिर्सिहालिने व्यक्ति होइनौ । तिमीसँगको चिनजान योजना कार्यालयदेखिकै हो । त्यहाँका सयौँ कर्मचारीहरू थिए । सबैलाई चिनीसाध्य थिएन । तिमीले त जसलाई बोक्नुपर्थ्यो त्यसैलाई चिन्यौ । जसलाई बोक्न चाहन्थ्यौ, त्यसलाई पनि चिन्यौ । जजसलाई चिनेनौ त्यसमध्ये म पनि एक थिएँ । तिमीलाई सबैले हक्की डाइवर भन्थे । सडकमा हुँदा तिमीले बेतोडसँग गाडी कुदाउँथ्यौ । अरू गाडीलाई ओभर टेक गर्दै अगाडि बढ्थ्यौ । तिमीले ट्राफिक नियम उल्लंघन गरेको देखेर ट्राफिक प्रहरीले सिट्ठी फुक्दाफुक्दै सडकको पाल्लो किनार बाट तिमी ओझेल परिसक्थ्यौ । तिम्रो तीब्र वेगले गर्दा गाडीमा चढ्नेको सातो जान्थ्यो । तिमी हाकिमको चालक भएकोले तिम्रो चुरीफुरी बेग्लै थियो । तडकभडक बेग्लै थियो । प्रायश: हाकिमसँग ठूलाबडाकै साथ हुन्थ्यो । ठूलाबडाले गरेको कुराकानी सुनेर पनि तिमीले देशको राजनीतिक सामाजिक आर्थिक अवस्थाको बारेमा पत्तो लगाउँथ्यौ र साथीभाइसँग गुड्डी हाँक्थ्यौ । यसै कारणले तिमीलाई विद्वान डाइवर पनि भन्थे कसै कसैले ।

तिमीले गाडी हाँक्दा तिम्रो हाकिम सधैँ पछिल्लो सिटमा बस्दथे । कहिलेकाँही हाकिमले अरू मान्छेहरूलाई पनि आृनो गाडीमा लिट दिन्थे । कसैलाई तिमीले चिन्थ्यौ, कसैलाई चिन्दैनथ्यौ । कोही नामुद व्यापारी हुन्थे । कोही ठेकेदार हुन्थे । कोही शक्तिशाली नेता हुन्थे । कोही त पत्रकार हुन्थे । कोही वकिल न्यायाधीश हुन्थे । कोही उच्चपदस्थ कर्मचारी हुन्थे । तिमीले सुन्न मिल्ने कुरा गर्दा तिनीहरू नेपालीमै बोल्थे नत्र भने उनीहरूले अङ्ग्रेजी वा अन्य कोड भाषाको प्रयोग गर्थे । कानमा ठोकिएको उनीहरूको आवाज वा ब्याक मिररमा देखिएको मुखाकृतिको आधारमा विभिन्न अड्कल गर्थ्यौ । परन्तु तिम्रो अड्कल सही वा गलत जे पनि हुन सक्थ्यो । तिमीलाई थाहै हुन्थ्यो जुन पेसाका महानुभावले लिट पाउँथे त्यो यात्रामा त्यही पेसाको कुरा चल्थ्यो । गाडी यात्रामा प्रायश: प्रत्येक पेसामा कसरी कमिसन आउँछ, कति आउँछ र कमिसन कहाँ कहाँ पुग्छ भन्ने मात्र कुरा हुन्थ्यो ।

तिम्रो सरोकार भने तिनीहरूलाई कुनै बैठक सेमिनार दोहोरीसाँझ आदिमा पुऱ्याउनुमा मात्र सीमित थियो । अर्थात् उनीहरूले चालकको कोणबाट मात्र तिमीलाई हेर्दथे । तिनीहरूबाट टिप्स पाएर तिमी मख्ख पर्थ्यौ । तिम्रो बेतोडको गतिले ट्राफिकलाई समेत झुक्याउने खुबी देखेर पछाडि बस्नेहरू खुसीले बुर्लुक्क उफ्रन्थे र भन्थे: कति चलाक चालक । यस्तो चालक त संसारभरि खोजे पनि भेटिँदैन । उनीहरमध्ये कसैले भन्थे: ‘गोपी तिमीलाई म स्थायी गरिदिन्छु !, कसैले भन्थे, पछि तिमीलाई अर्थ मन्त्रालयमा राखिदिनेछु ! कसैले भन्थे, तिमीलाई यातायात मन्त्रालय वा परराष्ट्रमा लैजानेछु । तिमी खुसीले फुरुङ्ङ पर्दै भन्थ्यौ: मेरो हाकिमसाब् जहाँ जानुहुन्छ, म त्यहीँ जान्छु । गाडीबाट ओर्लिएपछि उनीहरू पार्टीमा पस्थे, तिमी भने चालक बस्ने कोठरीमा ओठका पाप्रा चाटेर ढुक्नुपर्थ्यो । उनीहरूले विदेशी र क्सीले मात्तिन्थे, तिमी गन्ध सुँघेर थुक निल्नुपर्थ्यो । तिमी अनड्युटीमा हुँदा मदिरा प्युन बर्जित थियो । ती मात्तिएर बेहोस भएकाहरूले तिमी पनि सँगै छौ भन्ने भुल्थे ।

उनीहरू कहिलेकाँही हानाहान पनि गर्थे । छेडछाड पनि गर्थे । कमिशनका थप उपायहरू पनि सुझाउँथे । उनीहरूको कुराकानीबाट तिमीले उनीहरूको एक एक गोप्य कुरा चाल पाउँथ्यौ । तिमीले आधारातमा उनीहरूलाई घरघरै पुऱ्याउँदा एउटाको पोल अर्कोलाई खोलिदिएर थप गोप्य कुरा थुत्थ्यौ ।’ ओमप्रकाशले चिठी पढ्दै गर्दा पसिनाले भित्री लुगा लुछुप्पै भिजिसकेका थिए । उसले घटघटी पानी पियो र चिठीको बाँकी बेहोरा पढ्न थाल्यो ।

‘पृय गोपी

तिम्रो गाडीमा अफिसका कर्मचारीहरू पनि चढ्थे । परन्तु तिनीहरू सेलेक्टेड हुन्थे । कि हाकिमका सेलेक्टेड, कि तिम्रा सेलेक्टेड । तिमीले योजना कार्यालय र हाकिमलाई आृनै बाबुको बपौती ठान्थ्यौ । तिम्रो अर्को योग्यता यो थियो कि गाडी चलाउनुबाहेक हाकिमले अह्राएको अफिसको काम होस् कि घरायसी होस् राम्रोसँग खुरुखुरु गरिदिन्थ्यौ । तिम्रो हुङ्कारमय अहंकारको अघि कुनै कर्मचारी पर्ने चाहन्नथे । कसैले हाकिमको बारेमा चुइँक्क बोल्यो कि प्रतिकारमा उत्रन्थ्यौ । हाकिमका सुशासनसम्बन्धी लेखहरू विभिन्न अखबारमा प्रकाशित भइरहन्थे । ती लेखको पहिलो पाठक तिमी नै हुन्थ्यौ । अरूलाई सुनाउँथ्यौ । तिमीले ती लेखहरू शेयर गरिरहन्थ्यौ, अरू कर्मचारीलाई पनि शेयर गर्न लगाउँथ्यौ ।

तिम्रो नागरिकताको नाम अर्कै थियो रे । तिमीले हाकिमको गोपनीयता पटक्कै नखोलेको देखेर हाकिमले नै तिम्रो नाम गोपी राखिदिएका रे । हाकिमले तिम्रो गाडीमा ककसलाई चढाए, तिनीहरूले के के कुरा गरे र गाडीभित्र वा पार्टीमा के कस्ता रासलीला वा रडाको मच्चाए आदि गोपनीयता मरिगए खोल्दैनथ्यौ । त्यति मात्र होइन तिम्रा सेलेक्टेड मान्छेहरूले हाकिमको विरोधमा गरेका कुरा र हर्कतसमेत तिमीले हाकिमलाई कहिल्यै सुनाएनौ । यति गोपनीयता कायम राख्न सक्ने व्यक्तिलाई गोपी नभनी अरू के भन्ने त ? कार्यालयमा जो अलि पहुँचविहीन वा कमजोर थिए तिनीहरूप्रति भने तिमी सधैँ आक्रामक रूपमा प्रस्तुत भइरह्यौ । तिम्रो गाडीमा त तिनीहरूलाई चढाएनौ चढाएनौ, अरु गाडीमा चढ्न खोज्दा समेत चालकहरूलाई बिच्काउँथ्यौ ।

म कार्यालयको इमान्दार कर्मचारीमध्ये पर्थें । परन्तु यस्तो इमान्दारिता हाकिमलाई पटक्कै पच्दैनथ्यो । इमान्दार कर्मचारीलाई काम नहुने शाखामा थन्क्याउने वा अन्यत्रै सरुवा गराउने प्रयास भइरहन्थ्यो । एक दिन अफिस सकिएपछिको कुरा हो तिमीले मलाई गाडीमा चढाउँछु भन्यौ । म खुसी हुँदै तिम्रो गाडीमा चढेँ । तिमी बेतोडसँग गाडी कुदाउन थाल्यौ । मूल सडक छोडेर शाखा सडक हुँदै अफरोडतिर लाग्यौ । म त्राहिमाम् भएँ । आखिरमा घर पुऱ्याइदिन्छु भनेर मलाई रातको बखत अनकन्टार जङ्गलमा लगेर छोडिदियौ । मैले यो ठाउँमा किन ल्याइपुऱ्यायौ भन्दा उल्टै ममाथि बम्किन थाल्यौ: ‘तैँले भने भनेको ठाउँमा पुऱ्याइदिने के म तेरो नोकर हुँ ?’ एकछिन भनावैरी चल्यो । तिमीले ममाथि हात हाल्न खोज्यौ, मैले पनि मरता क्या नहीं करता भनेझैँ भुइँको ढुङ्गा टिपेर प्रतिकारको लागि तयार भएँ ।

त्यसपछि मात्र तिमी डरायौ र मलाई त्यहीँ छोडेर फर्कियौ । तिम्रो अनियन्त्रित रूपमा बिलाउँदै गएको गाडी एकतमासले हेरेर म त्यहीँ उभिइरहेँ । घनघोर रातको बखत मुस्किलले घर पुगेँ । त्यस घटनाको एक हप्तामै मेरो यस कार्यालयमा सरुवा भैहाल्यो । पछि सुनेँ, तिमीले बपौती ठानेको योजना कार्यालयमा अर्को नयाँ हाकिम आएछन् । केही समयसम्म तिमीले त्यस हाकिमलाई पनि रिझाउने प्रयत्न गरेछौ । मुख्य मुख्य कमिसनदाताहरूलाई चिनाउने काम गर्दै गएछौ । सुरुसुरुमा त तिमीलाई नयाँ हाकिमले पनि पूर्ण विश्वास गरेछन्, तर तिम्रो अस्वाभाविक संलग्नताले बिस्तारै तिमीप्रति आशंका र डर बढ्दै गएछ । फलस्वरुप नयाँ हाकिमले तिम्रो जागिर चड्काइदिएछन् । तिमीले जजसलाई गाडीमा चढाएका थियौ तिनी सबैसँग जागिरी बचाइदिन हारगुहार गरेछौ । परन्तु अर्थ, यातायात, परराष्ट्र छिराउँछु भन्ने कसैले पनि तिम्रो गुनासो सुनेनछन् ।

जागिरमा थमौती हुने केही उपाय नलागेपछि तिमीले उनीहरूको कमिसनतन्त्रको पोल खोलिदिने धम्की दिन थालेछौ । तिमीले मलाई खोज्दै यस कार्यालयमा आइपुगेका थियौ । विगत दुर्घटनाको बारेमा क्षमायाचना गर्दै तिमीले उल्लिखित कुराहरू बताएका थियौ । त्यसबेला धेरै भिडियो प्रमाणहरू आफूसँग सुरक्षित रहेको पनि बताएका थियौ । त्यसपछिको दिनदिनैको दोहोरो सम्पर्कले तिमी मेरो पृयपात्र बन्यौ । तर गत हप्तादेखि तिमीलाई सम्पर्क गर्न खोज्दा तिम्रो फोन स्विचअफ भनिरहेको छ ।

पृय गोपी,

तिम्रा दुबै हाकिमहरूको भ्रष्टाचारको फाइल हेर्ने जिम्मा मलाई नै दिइएको छ । मलाई थाहा छ, तिमीसँग उनीहरूका गोप्य सूचनाहरू थुप्रै छन् । यस मामलामा तिमीजस्तो उत्तम साक्षी अर्को हुनसक्दैन । तसर्थ तिमीलाई बयान दिन बोलाइनेछ । यदि व्यक्तिगत हितभन्दा राष्ट्रको हित ठुलो ठान्छौ भने बयानमा साँचासाँचा कुराहरू स्पष्ट बताउनू । तिम्रो कार्यालयमा औपचारिक पत्र पनि छिट्टै आउँदै छ ।

तिम्रो नाममा व्यक्तिगत चिठी पठाउनुको कारण तिमीले औपचारिक पत्र आउनुपहिल्यै गोप्य सूचनाहरू खोजेर मलाई पठाइदिनेछौ भन्ने विश्वास भएरै हो । किनकि, औपचारिक चिठी आउनेबित्तिकै तिमीलाई उनीहरूले लोभ र मोलाहिजामा पार्न र गाडीमै नजरबन्द गरिदिन सक्छन् । यो पत्र पाउनेबित्तिकै मलाई भेट्न आऊ, ल ।

उही तिम्रो पृय मित्र ओपीराम

ओमप्रकाशले बाँकी पत्र एकै बसाइमा पढिसिध्यायो र लामो सास तान्यो । गोपी र हाकिमहरुको बारेमा बुझ्न व्यग्र कौतुहलता जागेकोले आकृतिलाई फोन लगायो । आकृतिको मिठो आवाज आयो: ‘सर सुन्नू न ।’ ‘भन आकृति । सुन्दै छु ।’ ‘हजुरलाई छोडेको पत्र त अर्केको परेछ ।’ ‘राम्रो गऱ्यौ ।’ ‘होइन के सर । त्यो पत्र फिर्ता लिन र हजुरको खास पत्र दिन म फेरि आउँदै छु ।’ आशंका र कौतुहलताले ओमप्रकाशको मथिङ्गल मच्चियो । भाग्नुको गुन्जायस थिएन । अत: संयमित हुँदै भन्यो: ‘छिट्टै आऊ न त’ एकछिनमै अर्को खाम बोकेर आकृति उसको कार्यकक्षमै आइपुगी । ओमप्रकाशले चिठी हातमा लियो र खाम नखोलेरै गोपी र हाकिमहरूको बारेमा सोध्यो:

आकृतिले स्वर कँपाउँदै भन्दै गई: ‘जागिरबाट निकालिएपछि गोपीको धम्कीले पुराना हाकिम र नयाँ हाकिम दुबै त्राहिमाम थिए । कर्मचारीहरूको दबाब र दुबै हाकिमको सल्लाहले गोपीले जागिरमा पुनर्बहाली पाएको थियो । जेनजीको आन्दोलन चर्किएको बखत कुन कुन कार्यालयहरू जलाउने भन्ने बारेमा हाकिमहरूले नै गोपीलाई निर्देशन दिएको हल्ला छ । योजना कार्यालय र गोपीको गाडी जलिसकेको छ । त्यो आन्दोलनपछि गोपी अफिस फर्किएको पनि छैन सर ।’ ‘कहाँ हरायो होला त ?’ आकृतिले ओमप्रकाशको कानमा फुसफुसाई: ‘गोपीलाई लिएर पुराना र नयाँ हाकिम सँगसँगै एउटा बिगमार्टमा गएका थिए रे । धेरै वर्षतक ब्यारेलमा राखिएको बेलायती स्कच ह्विस्की ल्याउन भनी गोपीलाई बिगमार्टको तेस्रो तल्लामा पठाइएछ । तर गोपी तल झर्न पाएनछन् ।’ ‘हो र ? गोपी बिगमार्टको आगोमा पऱ्यो कि ?’ ‘खै ? गोपी माथिल्लो तल्ला उक्लनेबित्तिकै ती दुवै हाकिमहरू मिलेर बिगमार्टको तल्लो तलामा आगो झोसेको भन्ने गाइँगुइँ हल्ला छ ।’

आकृति आगोको मुस्लोजस्तै प्रतीत भई । ओमप्रकाश स्तब्ध भयो । उसको मुटुको धड्कन र सास रोकिएला जस्तो भयो । गोपी र उसका हाकिमहरूको अनुहार र भदौ २४ गतेको जेनजीको आन्दोलनको विधवंसात्मक झल्को उसको मस्तिष्कमा झल्झली आइरह्यो । आकृतिले भर्खरै बुझाएको अर्को चिठीको खाम ओमप्रकाशको हातमा फरफर काँपिरहेको थियो ।

*साभार : समकालिनसाहित्य*

# कविता:
# सहर छिरेको फूल



विमल लामिछाने

सहर बसाइँ सर्नेको लर्को देखेपछि
गाउँमा फुल्ने फूलपनि सहर छिरेको छ
गाउँका पाखामा लर्कने फूल
अब सहरमै चम्किन थालेको छ
भाटाका टाटी र भैँसीका गोबरको
बन्धनलाई तोडेर
सुठो र पिनामा रमाउँदै छत र वार्दली
चढेको छ
बारीका कान्लामा ढकमक्क भएर
लर्किने फूल
गाउँका पिँडी र आँगनका कुना त्यागेर
बजारका गमलामा सजिन थालेको छ ।।
पूर्व पुस्ताले पितृ कार्यमा अछुत मानेको
त्यही फूल
आृनो अस्तित्व र गरिमा खोज्दै
चिताको लासमा पनि मालाको खात
भएर
हतार हतार समाधीभित्रै पुग्दैछ,
बा पुस्ताले ‘कुजात’ भनिएका उनै फूलहरु
मालाको हार बनेर पुराण र मन्दिरमा
पुजिँदैछन्
खोल्सा, पाखा र भित्ताहरुमा लतारिएका
उन्यू र सीउडीपनि ‘ईन डुवर
प्लान्ट’मा रुपान्तरण भएर
बजारका आलिसान महलमा सजिन
थालेका छन् ।।
०
फक्रिन नपाई करक्क निमोठिने र
चुँडिने चुनौती झेल्दै
कोपिलाहरु सहर भित्रिएरै फक्रिने प्रणमा
शोखले बाँचेकाहरुको मन जित्न
सयौ जातका पातहरु जोडिएर फूल्ने सयपत्रीसँगै
गुलाव, लालुपाते र पारिजातपनि
सिमेन्टेड भित्ता फुटाएरै फूल्न खोज्दैछन् ।।
०
यहाँ बजारले फूलको महत्व बुझेपछि
धतुरो र पलासका फूलहरुपनि विक्न
थालेका छन्
यही मौकामा फूलको दलाली गर्ने ठेकेदारहरु
नेतालाई ठूलो मालाको हार उपहार दिएर
विकासको बहार ल्याउने नाममा
निमुखा फूलथुँथाहरुलाई छुरा धस्न
आतुर छन् ।
अँ हँ सजिलो छैन फूललाई सहरमा जोगिन
तर, अनेक विकल्प खोजेर संघर्ष गर्दै
बजारका हजारीया हुलसँग जोगिन
गुलाफको बगैचा पनि ‘रोज गार्डेन’ बनेर
सान, मान र दामसँगै नाम फेर्दैछ
०
संघीयताले सिँचेको माटोमा समान
अनपातले हुर्किएका
रङ्गी चङ्गी फूलहरु फूल्नुहुन्न भन्नेहरुको
भिड बढेको छ
कठिन छ यहाँ जोगिएर फुल्न
ठूलो अभिलासा बोकेका साना
कोपिलाहरुलाई,
फूलहरुको चाहना नै स्वतन्त्र भएर
स्वरङ्गमा फूल्ने हो
तर यहाँ फूललाई पनि छेपाराको जस्तै
रंग फेर्न जरैदेखि दवाव छ
कसैको दवावमै फर्टिलाइज गर्नुछ
भमराले पनि
कोपिलामै बलात्कार गर्न उद्दत छन्
तिनै काला भमराहरु ।।
०
कलमीका नाममा जति काटेपनि
गोडमेल भन्दै जति बाँधेपनि
घाम-पानीले पालो पालो चुटे पनि
आँधी-बतासले च्याती च्याती लुछे पनि
बजारमा जरा गाडेर जुर्मुराउँदैछ फूल
।
जमानाका जञ्जीरहरू तोडेर क्रमश सप्रिँदैछ
सहरमा छाडा साँढेहरूका आँखा छल्दै हुर्किँदैछ
अब फूलमा पनि क्रान्तिविज हुर्किएको छ
फूल्नु छ बजारमै, फैलिनु र फक्रिनु छ सहरमै ।।

दमक, झापा ।

*साभार : समकालिनसाहित्य*

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०२/०९ (प्रदेश राष्ट्रिय दैनिक)*

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रुपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) र कम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

## ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण :

### शाखा कार्यालय : सिन्धुलीमाडी, सिन्धुली

१.ऋणीको नाम : सुनिता श्रेष्ठ (सिदाली), पिता/पतिको नाम : धन बहादुर सिंदाली, बाजे/ससुराको नाम : इन्द्र बहादुर सिन्धारी, स्थायी ठेगाना : तीनपाटन-१, सिन्धुली, ना.प्र.नं. : २०-०१-७४-०३६७३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : धन बहादुर सिंदाली, पिता/पतिको नाम : इन्द्र बहादुर सिन्धारी, स्थायी ठेगाना : तीनपाटन-१, सिन्धुली, ना.प्र.नं. : २०-०१-६९-०५१४९

२.ऋणीको नाम : बविता दमाई, पिता/पतिको नाम : भक्त बहादुर दमाई, बाजे/ससुराको नाम : बखत बहादुर दमाई, स्थायी ठेगाना : कपिलाकोट-६, सिन्धुली, ना.प्र.नं. : ३९६७९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विनोद लाखे, पिता/पतिको नाम : भक्त बहादुर दमाई, बाजे/ससुराको नाम : बखत बहादुर दमाई, स्थायी ठेगाना : मरिण-६, सिन्धुली, ना.प्र.नं. : २०-०१-७८-०१४१८

३.ऋणीको नाम : सुनैना देवी, पिता/पतिको नाम : राजेन्द्र साह सोनार, बाजे/ससुराको नाम : चुल्हाइ साह, स्थायी ठेगाना : मटिहानी-९, महोत्तरी, ना.प्र.नं. : ६१५५३५७६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : संतोष साह, पिता/पतिको नाम : राजेन्द्र साह, बाजे/ससुराको नाम : चुल्हाइ साह, स्थायी ठेगाना : मटिहानी-९, महोत्तरी, ना.प्र.नं. : १८-३-००८/१७७३

४.ऋणीको नाम : शोभा कुमारी श्रेष्ठ, पिता/पतिको नाम : जगत ब. श्रेष्ठ, बाजे/ससुराको नाम : ओम बहादुर श्रेष्ठ, स्थायी ठेगाना : डाँडी गुरासे-८, सिन्धुली, ना.प्र.नं. : ४४१७५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जगत बहादुर श्रेष्ठ, पिता/पतिको नाम : ओम बहादुर श्रेष्ठ, स्थायी ठेगाना : डाँडी गुरासे-८, सिन्धुली, ना.प्र.नं. : २५६९४

५.ऋणीको नाम : सन्ध्या थिङ, पिता/पतिको नाम : राम बहादुर थिङ, बाजे/ससुराको नाम : सुखलाल थिङ, स्थायी ठेगाना : कमलामाई-७, सिन्धुली, ना.प्र.नं. : २०१०५४/८३४, कर्जाको शीर्षक : समूह अनुशासन
एकलजमानीको नाम : धन बहादुर बिश्वकर्मा, पिता/पतिको नाम : राम बहादुर बिश्वकर्मा, स्थायी ठेगाना : सिध्देश्वर-४, सिन्धुली, ना.प्र.नं. : ३१६२३

६.ऋणीको नाम : विवि माया मुक्तान, पिता/पतिको नाम : ललित बहादुर मुक्तान, बाजे/ससुराको नाम : बिर व. मुक्तान, स्थायी ठेगाना : तीनपाटन-१, सिन्धुली, ना.प्र.नं. : २०३०४०/८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : तीर्थ बहादुर तामाङ, पिता/पतिको नाम : जीत बहादुर तामाङ, स्थायी ठेगाना : तीनपाटन-१, सिन्धुली, ना.प्र.नं. : २०-०१-७१-०५२१८

७.ऋणीको नाम : सिर्जना माया तामाङ, पिता/पतिको नाम : दिल बहादुर तामाङ, बाजे/ससुराको नाम : रंग बहादुर पाख्रिन, स्थायी ठेगाना : कमलामाई-४, सिन्धुली, ना.प्र.नं. : २०-०१-७०-०१५५३, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : दिल बहादुर तामाङ, पिता/पतिको नाम : रंग बहादुर पाख्रिन, स्थायी ठेगाना : कमलामाई-५, सिन्धुली, ना.प्र.नं. : २०१०५४/२१७४/५८

८.ऋणीको नाम : विन्दु वाईवा, पिता/पतिको नाम : गगन व.वाईवा, बाजे/ससुराको नाम : आईत सिं वाईवा, स्थायी ठेगाना : कमलामाई-३, सिन्धुली, ना.प्र.नं. : २०१०५४/६२४/२०६५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : गगन बहादुर वाईवा, पिता/पतिको नाम : आईत सिं वाईवा, बाजे/ससुराको नाम : सिंह विर वाईवा, स्थायी ठेगाना : शिद्धेश्वर-३, सिन्धुली, ना.प्र.नं. : २४/८७२८

९.ऋणीको नाम : विवि माया वाईवा, पिता/पतिको नाम : कर्म सिं घलान, बाजे/ससुराको नाम : आइत सिं घलान, स्थायी ठेगाना : मरिण-५, सिन्धुली, ना.प्र.नं. : २०-०१-७८-०४९४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मंगली माया थिङ, पिता/पतिको नाम : जिवन स्याङतान, स्थायी ठेगाना : कमलामाई-८, सिन्धुली, ना.प्र.नं. : २०-०१-७५-००५८९

१०.ऋणीको नाम : दुर्गा कुमारी मुक्तान-तामाङ्), पिता/पतिको नाम : लाल बहादुर तामाङ्, बाजे/ससुराको नाम : सन्त बहादुर तामाङ, स्थायी ठेगाना : मादिरामवेनी-८, संखुवासभा, ना.प्र.नं. : १०२०३०/२८३९, कर्जाको शीर्षक : समूह अनुशासन

११.ऋणीको नाम : चेत कुमारी काफ्ले-खडका), पिता/पतिको नाम : दुर्गा बहादुर खडका, बाजे/ससुराको नाम : रत्न बहादुर खडका, स्थायी ठेगाना : कमलामाई-१०, सिन्धुली, नाप्रनं : २०१०३९/१०/९८७, कर्जाको शीर्षक : साधारण,
धनजमानीको नाम : यसोदा गोले, पिता/पतिको नाम : रुद्र बहादुर गोले, बाजे/ससुराको नाम : जित बहादुर गोले, स्थायी ठेगाना : रानीचुरी-५, सिन्धुली, ना.प्र.नं. : २०-०१-७३-०३१४७

### शाखा कार्यालय : रामनगर, सर्लाही

१२.ऋणीको नाम : सुखलि पटेल, पिता/पतिको नाम : सुखल राउत, बाजे/ससुराको नाम : टैट राउत, स्थायी ठेगाना : छोटौल-४, सर्लाही, ना.प्र.नं. : १९३०७०/७२०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रामाधार राय यादव, पिता/पतिको नाम : देव नारायण राय यादव, स्थायी ठेगाना : छोटौल-४, सर्लाही, ना.प्र.नं. : २०७०१६६३

१३.ऋणीको नाम : पचिया राय, पिता/पतिको नाम : रामचन्द्र राय यादव, बाजे/ससुराको नाम : जगेशर राय यादव, स्थायी ठेगाना : छोटौल-९, सर्लाही, ना.प्र.नं. : २०७०१७२६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रामचन्द्र राय यादव, पिता/पतिको नाम : जगेशर राय यादव, स्थायी ठेगाना : छोटौल-८, सर्लाही, ना.प्र.नं. : ०६०३१३६२
२.धनजमानीको नाम : चन्द्रिका कुमारी, पिता/पतिको नाम : शशिल प्रसाद यादव, स्थायी ठेगाना : धनकौल-६, सर्लाही, ना.प्र.नं. : १९-०१-८१-००१७६

### शाखा कार्यालय : क्यामिन, तनहुँ

१४.ऋणीको नाम : रिता आचार्य, पिता/पतिको नाम : सुजन आचार्य, बाजे/ससुराको नाम : तेज प्रसाद आचार्य, स्थायी ठेगाना : ब्यास-९, तनहुँ, ना.प्र.नं. : ४३१०२५/८५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुजन आचार्य, पिता/पतिको नाम : तेज प्रसाद आचार्य, स्थायी ठेगाना : तनँहुसुर-६, तनहुँ, ना.प्र.नं. : ४३१०२५/९८८७४

१५.ऋणीको नाम : निर्मला राना, पिता/पतिको नाम : गणेश राना, बाजे/ससुराको नाम : जीत बहादुर राना, स्थायी ठेगाना : मध्य नेपाल-४, लमजुङ, ना.प्र.नं. : १६० रोल्पा, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अमृता राना, पिता/पतिको नाम : गणेश राना, बाजे/ससुराको नाम : जीत बहादुर राना, स्थायी ठेगाना : मध्य नेपाल-४, लमजुङ, ना.प्र.नं. : ४५-०१-७५-०१२४२

### शाखा कार्यालय : हेम्जा, कास्की

१६.ऋणीको नाम : सरिफा खातुन, पिता/पतिको नाम : अमिर बक्स मिया, बाजे/ससुराको नाम : रहिम बक्स मिया, स्थायी ठेगाना : पोखरा-१३, कास्की, ना.प्र.नं. : ११९९८८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : करिम बक्स मिया, पिता/पतिको नाम : रहिम बक्स, स्थायी ठेगाना : पोखरा-१३, कास्की, ना.प्र.नं. : ४६-०१-७८-०८८५४
२.धनजमानीको नाम : नवी वक्स मिया, पिता/पतिको नाम : अमिर वक्स मिया, स्थायी ठेगाना : पोखरा-१३, कास्की, ना.प्र.नं. : १५२६३०
३.धनजमानीको नाम : अजमीरा खातुन मिया, पिता/पतिको नाम : नजिर वक्स मिया, बाजे/ससुराको नाम : अमिर वक्स मिया, स्थायी ठेगाना : पोखरा-१३, कास्की, ना.प्र.नं. : ४६-१४-७४-०००५४

१७.ऋणीको नाम : भुमिका गुरुङ, पिता/पतिको नाम : राजेन्द्र ढुङ्गेल, बाजे/ससुराको नाम : राम बहादुर ढुङ्गेल, स्थायी ठेगाना : भीरकोट-९, स्याङ्जा, ना.प्र.नं. : ४२२०४७/२५१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : डम बहादुर गुरुङ, पिता/पतिको नाम : गंभीर सिं, बाजे/ससुराको नाम : खडक सिं, स्थायी ठेगाना : कालीकाकोट-६, स्याङ्जा, ना.प्र.नं. : ३५३५

१८.ऋणीको नाम : शुष्मा ताम्राकार, पिता/पतिको नाम : सेते ताम्राकार, बाजे/ससुराको नाम : सोमलाल ताम्राकार, स्थायी ठेगाना : पोखरा लेखनाथ-३, कास्की, ना.प्र.नं. : १५५८५६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रोहन परियार, पिता/पतिको नाम : राजन परियार, ठेगाना : पोखरा-१, कास्की, ना.प्र.नं. : ४६-०१-७६-०३०९४

१९.ऋणीको नाम : हिरा कुमारी खड्काथोकी, पिता/पतिको नाम : कुल बहादुर खड्काथोकी, बाजे/ससुराको नाम : सुक बहादुर खड्काथोकी, स्थायी ठेगाना : धवलागिरी-६, म्याग्दी, ना.प्र.नं. : ४९१०३४/१२४०५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : माया सुनार लामगारे, पिता/पतिको नाम : राम चन्द्र लामगारे, स्थायी ठेगाना : धवलागिरी-६, म्याग्दी, ना.प्र.नं. : ४९-०१-७५-०३०१५

२०.ऋणीको नाम : निशा गुरुङ्, पिता/पतिको नाम : ऋषिकपुर गुरुङ्, बाजे/ससुराको नाम : पदम बहादुर गुरुङ्, स्थायी ठेगाना : रुपाकोट-९, कास्की, ना.प्र.नं. : १६६३५४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अनिता गरुङ्, पिता/पतिको नाम : खुश व. गुरुङ्, स्थायी ठेगाना : मिजुरे-६, कास्की, ना.प्र.नं. : ४६३०३२/१२८

२१.ऋणीको नाम : संफना श्रेष्ठ, पिता/पतिको नाम : सित्तल श्रेष्ठ, बाजे/ससुराको नाम : हर्क नारायण श्रेष्ठ, स्थायी ठेगाना : आवुखैरेनी-६, तनहुँ, ना.प्र.नं. : १७३६८, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : सितल श्रेष्ठ, पिता/पतिको नाम : हर्क नारायण श्रेष्ठ, स्थायी ठेगाना : आवुखैरेनी-६, तनहुँ, ना.प्र.नं. : ३४४

२२.ऋणीको नाम : पदमा गुरुङ्, पिता/पतिको नाम : दल प्रसाद गुरुङ्, बाजे/ससुराको नाम : तेज वहादुर गुरुङ्, स्थायी ठेगाना : भाचोक-५, कास्की, ना.प्र.नं. : १३९२७३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : धनकाशी गुरुङ्, पिता/पतिको नाम : कुशल गुरुङ्, स्थायी ठेगाना : भाचोक-२, कास्की, ना.प्र.नं. : ४६३०३३/२२

२३.ऋणीको नाम : पार्वति विश्वकर्मा, पिता/पतिको नाम : कृष्ण विश्वकर्मा, बाजे/ससुराको नाम : जग बहादुर कामी, स्थायी ठेगाना : पोखरा-३२, कास्की, ना.प्र.नं. : ४६-०२-७८-०२७४३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कृष्ण विश्वकर्मा, पिता/पतिको नाम : जग बहादुर कामी, बाजे/ससुराको नाम : जितमान कामी, स्थायी ठेगाना : लेखनाथ-१३, कास्की, ना.प्र.नं. ४६-०१-७१-०४१०७
२.धनजमानीको नाम : संगिता बि.क., पिता/पतिको नाम : चाम विर कामी, बाजे/ससुराको नाम : तुल विर बि.क., स्थायी ठेगाना : धवलागिरी-६, म्याग्दी, ना.प्र.नं. ४९-०१-७९-०४८९८

२४.ऋणीको नाम : पार्वति बि.क., पिता/पतिको नाम : दल बहादुर बि.क., बाजे/ससुराको नाम : महादेव बि.क., स्थायी ठेगाना : शालिजा-९, पर्वत, ना.प्र.नं. : ५११०४८/७६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पवित्रा कुमारी बि.क., पिता/पतिको नाम : रन बहादुर बि.क, स्थायी ठेगाना : चण्डीकालिका-५, स्याङ्जा, ना.प्र.नं. : ६०१२

२५.ऋणीको नाम : तारा थापा, पिता/पतिको नाम : लिल बहादुर थापा, बाजे/ससुराको नाम : ठग बहादुर थापा, स्थायी ठेगाना : गल्याङकोट-५, स्याङ्जा, ना.प्र.नं. : ११०२४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जोन्स थापा, पिता/पतिको नाम : लिल बहादुर थापा, बाजे/ससुराको नाम : ठग बहादुर थापा, स्थायी ठेगाना : चापाकोट-४, स्याङ्जा, ना.प्र.नं. : ४२-०२-७६-०३९५६

२६.ऋणीको नाम : सिरुमाया गुरुङ, पिता/पतिको नाम : कुमार गुरुङ्, बाजे/ससुराको नाम : लालबहादुर गुरुङ्, स्थायी ठेगाना : दाउन्नेदेवि-१, नवलपरासी, ना.प्र.नं. : ८१३३८, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : कुमार गुरुङ्, पिता/पतिको नाम : लाल बहादुर गुरुङ्, बाजे/ससुराको नाम : दल बहादुर गुरुङ्, स्थायी ठेगाना : लेखफाँट-१, पर्वत, ना.प्र.नं. : ५४७७१

२७.ऋणीको नाम : धनकुमारी सिरपाली, पिता/पतिको नाम : तुल बहादुर कामी, बाजे/ससुराको नाम : अन बहादुर कामी, स्थायी ठेगाना : मल्कवाङ्-३, म्याग्दी, ना.प्र.नं. : ४९१०२२/२८३५२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गदेवि कामी, पिता/पतिको नाम : हर्कवहादुर कामी, स्थायी ठेगाना : मल्कबाङ्-८, म्याग्दी, ना.प्र.नं. ४९१०२२/६०२

२८.ऋणीको नाम : कल्पना गिरी, पिता/पतिको नाम : राजु गिरी, बाजे/ससुराको नाम : नेत्र गिरी, स्थायी ठेगाना : पोखरा लेखनाथ-१९, कास्की, ना.प्र.नं. : ४६३०१९/२४९, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : राजु गिरी, पिता/पतिको नाम : नेत्र गिरी, बाजे/ससुराको नाम : सिरा गिरी, स्थायी ठेगाना : पोखरा-१९, कास्की, ना.प्र.नं. : १२४१३०
२.धनजमानीको नाम : सुवास बहादुर अधिकारी, पिता/पतिको नाम : तेज बहादुर अधिकारी, बाजे/ससुराको नाम : नवल सिं अधिकारी, स्थायी ठेगाना : पुरुन्चौर-७, कास्की, ना.प्र.नं. : ७६५५६

२९.ऋणीको नाम : अर्जुन बहादुर बस्याल, पिता/पतिको नाम : भविखन्ने बस्याल, बाजे/ससुराको नाम : पहले बस्याल, स्थायी ठेगाना : धिताल-२, कास्की, ना.प्र.नं. : ४६१०४२/३९४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुरेश बस्याल, पिता/पतिको नाम : अर्जुन बहादुर बस्याल, बाजे/ससुराको नाम : भविखन्ने बस्याल, स्थायी ठेगाना : धिताल-२, कास्की, ना.प्र.नं. : ४६-०१-७१-०२५१५
२.धनजमानीको नाम : सिता नेगि बस्याल, पिता/पतिको नाम : अर्जुन बहादुर बस्याल, बाजे/ससुराको नाम : भविखन्ने बस्याल, स्थायी ठेगाना : माछापुच्छ्रे-६, कास्की, ना.प्र.नं. ३११०४४/४८८४९
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : अर्जुन बहादुर बस्याल, जग्गाको ठेगाना : धिताल-१, कास्की, कित्ता नं. : १३३५, जग्गाको क्षेत्रफल : १-९-०-३ (८००.८७ व.मी.)

### शाखा कार्यालय : खुरखुरे, चितवन

३०.ऋणीको नाम : शामा प्रविन, पिता/पतिको नाम : अवदुल्ला अन्सारी, बाजे/ससुराको नाम : रउफ मिँया अन्सारी, स्थायी ठेगाना : भण्डारा-१, चितवन, ना.प्र.नं. : ३५-०१-७०-०१८८५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : साहिल अन्सारी, पिता/पतिको नाम : नसरुल अन्सारी, स्थायी ठेगाना : राप्ती-५, चितवन, ना.प्र.नं. : ३५-०१-८०-०३६७४
२.धनजमानीको नाम : रउफ मिँया अन्सारी, पिता/पतिको नाम : हनिफ मिँया अन्सारी, स्थायी ठेगाना : खैरहनी-६, चितवन, ना.प्र.नं. : ३४१००२२

३१.ऋणीको नाम : रिता चौधरी, पिता/पतिको नाम : अनिल चौधरी महतो, बाजे/ससुराको नाम : वावुराम महतो, स्थायी ठेगाना : रत्ननगर-१०, चितवन, ना.प्र.नं. : ३५-०१-७५-०६६२८, कर्जाको शीर्षक : साधारण

३२.ऋणीको नाम : पुडा कुमारी मर्दनिया, पिता/पतिको नाम : श्री कृष्ण मर्दनिया, बाजे/ससुराको नाम : तुलसी मर्दनिया, स्थायी ठेगाना : रत्ननगर-१, चितवन, ना.प्र.नं. : ०४७५०४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : श्री कृष्ण मर्दनिया, पिता/पतिको नाम : तुलसी मर्दनिया, स्थायी ठेगाना : रत्ननगर-१, चितवन, ना.प्र.नं. : ६८१८/०५६
२.धनजमानीको नाम : सुमना घिमिरे सिंखडा, पिता/पतिको नाम : पदम प्रसाद सिंखडा, स्थायी ठेगाना : रत्ननगर-४, चितवन, ना.प्र.नं. : ३५१०१५/११७२

३३.ऋणीको नाम : प्रमिला दरै, पिता/पतिको नाम : सन्तोष दरै, बाजे/ससुराको नाम : छहारी दरै, स्थायी ठेगाना: खैरहनी-११, चितवन, ना.प्र.नं. : ३५-०१-७५-०९०८२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सोम बहादुर चेपाङ, पिता/पतिको नाम : यादु बहादुर प्रजा, स्थायी ठेगाना : खैरहनी-११, चितवन, ना.प्र.नं. : ३५-०१-७६-०६३५४

३४.ऋणीको नाम : डिल कुमारी चौलागाई, पिता/पतिको नाम : बद्रि प्रसाद चौलागाई, बाजे/ससुराको नाम : दुर्गा प्रसाद चौलागाई, स्थायी ठेगाना : आमभन्ज्याङ-२, मकवानपुर, ना.प्र.नं. : १२/५३५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : शंकर चौलागाई, पिता/पतिको नाम : बद्रि प्रसाद चौलागाई, बाजे/ससुराको नाम : दुर्गा प्रसाद चौलागाई, स्थायी ठेगाना : मकवानपुरगढी-६, मकवानपुर, ना.प्र.नं. : ३१-०१-७९-०३९८४

३५.ऋणीको नाम : साबित्री चेपाङ, पिता/पतिको नाम : सानु चेपाङ, बाजे/ससुराको नाम : चन्द्रविर प्रजा, स्थायी ठेगाना : धुषा-१, धादिङ, ना.प्र.नं. : २६१/५८७१८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सानु चेपाङ, पिता/पतिको नाम : चन्द्रविर प्रजा, बाजे/ससुराको नाम : बुद्धिराम प्रजा, स्थायी ठेगाना : धुषा-१, धादिङ, ना.प्र.नं. : २६१/१४४१९
२.धनजमानीको नाम : सपना चेपाङ, पिता/पतिको नाम : सानु चेपाङ, बाजे/ससुराको नाम : चन्द्रविर प्रजा, स्थायी ठेगाना : रत्ननगर-९, चितवन, ना.प्र.नं. : ३५-०१-७९-०३७६१

३६.ऋणीको नाम : अनिता घिमिरे, पिता/पतिको नाम : बसन्त बहादुर घिमिरे, बाजे/ससुराको नाम : डम्बर बहादुर घिमिरे, स्थायी ठेगाना : रत्ननगर-८, चितवन, ना.प्र.नं. : ७२९३/०५१, कर्जाको शीर्षक : साधारण

३७.ऋणीको नाम : निर्मला तिमिल्सीना, पिता/पतिको नाम : विरमान रुम्बा, बाजे/ससुराको नाम : जसमान रुम्बा, स्थायी ठेगाना : काठमाडौँ-७, काठमाडौँ, ना.प्र.नं. : ५३३२/१७६७६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विरमान रुम्बा, पिता/पतिको नाम : जसमान रुम्बा, बाजे/ससुराको नाम : आईत सिं रुम्बा, स्थायी ठेगाना : मनहरी-७, मकवानपुर, ना.प्र.नं. : ३०/१२४

३८.ऋणीको नाम : चन्द्रमाया विश्वकर्मा, पिता/पतिको नाम : चक्र बहादुर परियार, बाजे/ससुराको नाम : मेख बहादुर परियार, स्थायी ठेगाना : अस्राङ्-७, गोरखा, ना.प्र.नं. : ४४१००५/६०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : चक्र बहादुर परियार, पिता/पतिको नाम : मेख बहादुर परियार, बाजे/ससुराको नाम : सुक बहादुर परियार, स्थायी ठेगाना : चैनपुर-६, चितवन, ना.प्र.नं. : ८२७८/०६२

३९.ऋणीको नाम : मञ्जु लामा, पिता/पतिको नाम : राजेश लामा, बाजे/ससुराको नाम : जय बहादुर लामा, स्थायी ठेगाना : नेपालगंज-१२, बाँके, ना.प्र.नं. : ११७०१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सन्दिप गुरुङ, पिता/पतिको नाम : टेक बहादुर गुरुङ, बाजे/ससुराको नाम : शेर बहादुर गुरुङ, स्थायी ठेगाना : गुञ्जनगर-९, चितवन, ना.प्र.नं. : ८७९०/०६२

४०.ऋणीको नाम : गिता महतो, पिता/पतिको नाम : ऋषिराम महतो, बाजे/ससुराको नाम : जंगी महतो, स्थायी ठेगाना : रत्ननगर-१, चितवन, ना.प्र.नं. : ३५-०१-७२-०४८८५, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम : सुमना घिमिरे सिंखडा, पिता/पतिको नाम : पदम प्रसाद सिंखडा, स्थायी ठेगाना : रत्ननगर-४, चितवन, ना.प्र.नं. : ३५१०१५/११७२
२.धनजमानीको नाम : लिलानाथ सिंखडा, पिता/पतिको नाम : लक्ष्मीकान्त सिंखडा, बाजे/ससुराको नाम : पशुराम सिंखडा, स्थायी ठेगाना : देवौली-८, चितवन, ना.प्र.नं. : ३६३७

४१.ऋणीको नाम : हिरामाया मुक्तान तामाङ, पिता/पतिको नाम : होम बहादुर मुक्तान तामाङ, बाजे/ससुराको नाम : पदम बहादुर मुक्तान तामाङ, स्थायी ठेगाना : चैनपुर-६, चितवन, ना.प्र.नं. : ३५३१३०१९/४७८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मनु गुरुङ, पिता/पतिको नाम : मोहन गुरुङ, बाजे/ससुराको नाम : भक्त बहादुर गुरुङ, स्थायी ठेगाना : सिन्दुरे-१, लमजुङ, ना.प्र.नं. : ४५१०२७/२१९४२

४२.ऋणीको नाम : कल्पना परियार, पिता/पतिको नाम : केशव परियार, बाजे/ससुराको नाम : हिम बहादुर परियार, स्थायी ठेगाना : केवलपुर-९, धादिङ, ना.प्र.नं. : २०४५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : केशव परियार, पिता/पतिको नाम : हिम बहादुर परियार, बाजे/ससुराको नाम : दल बहादुर नेपाली, स्थायी ठेगाना : पदमपुर-१, चितवन, ना.प्र.नं. : ४२९३२

४३.ऋणीको नाम : सरस्वती भण्डारी, पिता/पतिको नाम : अर्जुन भण्डारी, बाजे/ससुराको नाम : माया नाथ भण्डारी, स्थायी ठेगाना : विराटनगर-५, मोरङ, ना.प्र.नं. : ०३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अर्जुन भण्डारी, पिता/पतिको नाम : माया नाथ भण्डारी, स्थायी ठेगाना : विराटनगर-५, मोरङ, ना.प्र.नं. : १११४/१३७०

### शाखा कार्यालय बस्तीपुर, मकवानपुर

४४.ऋणीको नाम : श्रृजना सुनार, पिता/पतिको नाम : प्रकाश सुनार, ससुराको नाम : चन्द्र बहादुर सुनार, स्थायी ठेगाना : हाँडिखोला-७, मकवानपुर, ना.प्र.नं. : ३११०२०/५०९५०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रकाश सुनार, पिता/पतिको नाम : चन्द्र बहादुर सुनार, स्थायी ठेगाना : हाँडिखोला-७, मकवानपुर, ना.प्र.नं. : ३११०२०/४९२८६

४५.ऋणीको नाम : चन्द्रमाया गोले, पिता/पतिको नाम : शेर बहादुर तामाङ, बाजे/ससुराको नाम : धन सिं तामाङ, स्थायी ठेगाना : बसामाडी-५, मकवानपुर, ना.प्र.नं. : ७२३८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : मनोज तामाङ, पिता/पतिको नाम : शेर बहादुर तामाङ, बाजे/ससुराको नाम : धन सिं तामाङ, स्थायी ठेगाना : बसामाडी-५, मकवानपुर, ना.प्र.नं. : ३१-०१-६९-१०७१९
२.धनजमानीको नाम : रन्जना भोम्जन, पिता/पतिको नाम : मनोज तामाङ, बाजे/ससुराको नाम : शेर बहादुर तामाङ, स्थायी ठेगाना : पदमपोखरी-९, मकवानपुर, ना.प्र.नं. : ३१३०२१/२४७

४६.ऋणीको नाम : सानोकान्छी घिसिङ्ग गोले, पिता/पतिको नाम : सानोकान्छा घिसिङ्ग, बाजे/ससुराको नाम : दुर्गा सिं घिसिङ, स्थायी ठेगाना : पदमपोखरी-४, मकवानपुर, ना.प्र.नं. : ३११०२१/६८३०१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राज कुमार घिसिङ्ग, पिता/पतिको नाम : सानुकान्छा घिसिङ्ग, बाजे/ससुराको नाम : दुर्गा सिं घिसिङ, स्थायी ठेगाना : पदमपोखरी-४, मकवानपुर, ना.प्र.नं. : ३११०२१/७०२५३

४७.ऋणीको नाम : बुद्धिमाया लो, पिता/पतिको नाम : आईते सिं लो, बाजे/ससुराको नाम : शंखर सिं लो तामाङ, स्थायी ठेगाना : बसामाडी-५, मकवानपुर, ना.प्र.नं. : ३१३०२२/६४४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : उमा थिङ, पिता/पतिको नाम : राम बहादुर थिङ, स्थायी ठेगाना : चुरियामाई-२, मकवानपुर, ना.प्र.नं. : ३११०१५/७६२२४

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/
info@ashamicrofinance.com.np

# खानेपानी बोर्डको वार्षिकोत्सव
# ७ कर्मचारी सम्मानित



♦ *प्रदेश दैनिक*

हेटौंडा/हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको १३ औं वार्षिकोत्सव शुक्रबार भएको छ ।

बोर्डले आफ्नो १३ वर्षे संस्थागत यात्रा, सेवा विस्तार, पूर्वाधार विकास, आर्थिक प्रगति तथा आगामी योजना पारितसँगै उत्कृष्ट कर्मचारीलाई सम्मान गर्दै वार्षिकोत्सव सम्पन्न गरेको हो । कार्यक्रमका बोर्डका निमित्त कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटाले संस्थाको प्रगति प्रतिवेदन प्रश्तुत गरेका थिए । सापकोटाले हेटौंडा उपमहानगरको १९ मध्ये १७ वटा वडामा खानेपानी सेवा विस्तार गरिएको जानकारी दिए । करिब १ लाख ७० हजार नगरवासीलाई २९ हजार ७०९ धारामार्फत दैनिक ३ करोड ७५ लाख लिटर खानेपानी वितरण भइरहेको उनले बताए । मुख्य बजार क्षेत्रमा २४ सै घण्टा तथा अन्य क्षेत्रमा दैनिक ८ देखि ९ घण्टा खानेपानी वितरण हुँदै आएको बोर्डले जानकारी दिएको छ ।

बोर्डसँग हाल सतहगत एक मुहान, ४० वटा डिप ट्युबेल र १९ वटा समवेल सञ्चालनमा रहेको छ । पानी भण्डारण क्षमता ८ हजार ९५२ घनमिटर पुगेको तथा करिब ८ सय किलोमिटर पाइपलाइन सञ्जाल विस्तार भइसकेको जानकारी दिइएको छ । वार्षिकोत्सव समारोहमा बोर्डले विगतका वर्षमा सम्पन्न गरेका महत्वपूर्ण पूर्वाधार योजना बारे पनि जानकारी गराएको थियो । चालु आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्तसम्मको आर्थिक अवस्था सार्वजनिक गर्दै बोर्डले पानी महशुलतर्फ १२ करोड १५ लाख रुपैयाँ बिलिङमध्ये ११ करोड ८७ लाख रुपैयाँ अर्थात ९७ दशमलव ७० प्रतिशत रकम संकलन गरेको जानकारी दिइएको छ ।

बोर्डप्रति विश्वास गर्दै उपभोक्ताबाट ७१ लाख ६८ हजार रुपैयाँ अग्रिम महशुल जम्मा भएको छ । बोर्डका अध्यक्ष प्रताप विष्टको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । मेयर लामाले हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड स्थानीय तहमा समुदायमुखी खानेपानी व्यवस्थापनको सफल नमुना बनेको बताइन् । नगरवासीलाई स्वच्छ र नियमित खानेपानी सेवा उपलब्ध गराउन बोर्डले खेलेको भूमिकाको प्रशंसा गर्दै उनले आगामी दिनमा समेत पूर्वाधार विस्तार र गुणस्तरीय सेवा प्रवाहमा नगर पालिकाको सहकार्य रहने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रमका हेटौंडा २ नम्बर वडा अध्यक्ष बिष्णुगोपाल महर्जनले तीव्र शहरीकरणसँगै खानेपानी व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएकोले दीर्घकालीन योजना र स्रोत संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा अनुशासन, कार्यसम्पादन, लगनशीलता तथा सेवा योगदानका आधारमा उत्कृष्ट कर्मचारीलाई प्रशंसापत्र र नगद सहित सम्मान गरिएको थियो ।

सम्मानित हुनेमा नमुना पण्डित, अजय थिङ, दीपेन्द्र महत, पुष्पा पौडेल पाण्डे, समि श्रेष्ठ, गोविन्दबहादुर थपलिया, डिलबहादुर योन्जन र तिलकबहादुर श्रेष्ठ रहेका छन् ।

# निकुञ्ज घुम्ने बाह्य पर्यटक घटे, आन्तरिक बढे




चितवन/चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने बाह्य पर्यटक घटेका छन् । गत आर्थिक वर्षको वैशाखसम्ममा एक लाख ८३० जना विदेशी पर्यटकले निकुञ्ज भ्रमण गरेकामा चालु आवको वैशाखसम्म उक्त संख्या ८९ हजार ६३० मा झरेको हो।

गत वर्ष सार्क मुलुकका १८ हजार ९३३ र तेस्रो मुलुकका ८१ हजार ८९७ जनाले निकुञ्जको भ्रमण गरेका जनाउँदै निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले यस वर्ष सार्क मुलुकका १३ हजार ९९२, तेस्रो मुलुकका ७५ हजार ६३८ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका उल्लेख गरे। बाह्य पर्यटक घटे पनि आन्तरिक पर्यटकमा भने गत वर्षको तुलनामा यस वर्ष बढेका छन् । गत आवको वैशाखसम्म निकुञ्ज भ्रमण गर्ने नेपाली पर्यटक एक लाख तीन हजार ६७२ रहेकामा चालु आवमा यो संख्या बढेर एक लाख ३७ हजार २४६ पुगेको निकुञ्जका सूचना अधिकारी थापामगरले जानकारी दिए। यस वर्ष नेपालमा भएको जेनजी प्रदर्शनपछि देखिएका राजनीतिक घटनाक्रम र मध्यपूर्वका देशमा भएको द्वन्द्वका कारण बाह्य पर्यटकको आगमनमा कमी आएको उनले बताए ।

नेपालीहरू पछिल्लो समय घुम्न थालेकाले आन्तरिक पर्यटकको आगमन बढेको सूचना अधिकारी थापामगरको भनाइ छ। उनले भने, “सरकारले सातामा दुई दिन बिदा दिएकाले पनि आन्तरिक पर्यटक बढेका हुनसक्छन् ।” गत वर्ष फागुन, चैत, वैशाखमा आन्तरिक पर्यटक ३४ हजार २०२ आएकामा यस वर्ष सो समयमा ४७ हजार ६६१ पुगेका उनले जानकारी दिए। निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनमा अवलोकन भ्रमण गर्न विशेषगरी पर्यटक आउने गर्दछन् । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा हात्ती सफारी, जिप सफारी, पैदल सफारी, डुङ्गा सयर गर्न पर्यटक आउने गर्दछन् । निकुञ्जमा दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, भालु, हात्ती, चित्तल, घडियाल गोहीलगायत वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति, सरिश्रीप हेर्न पर्यटक आउने उनले बताए।

यस वर्ष निकुञ्ज भ्रमण गर्ने पर्यटकबाट रु २३ करोड पाँच लाख ५० हजार ६०० राजस्व सङ्कलन भएको सूचना अधिकारी थापामगरले जानकारी दिए। उनका अनुसार काठदाउरा बिक्रीबापत रु ७१ हजार ३५०, गैरकाठ वन पैदावर बिक्रीबापत रु एक करोड ९५ लाख ३१ हजार ७५५, दण्डसजायबाट रु १० लाख ७१ हजार ९०४ र अन्य शीर्षकबाट रु १५ लाख २२ हजार ४०५ रकम राजस्व सङ्कलन भएको छ। *रासस*

# ‘कांग्रेस सरकारसँग मिलेर काम गर्न चाहन्छ’



सुनसरी/नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वर्तमान सरकारसँग कांग्रेस मिलेर काम गर्न चाहेको बताएका छन्।

सुनसरी कोशी गाउँपालिका-१ सिटीहलमा शुक्रबार नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको कोशी प्रदेशस्तरी जरा अभियान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताए। नागरिकको जनजीविकासहित विभिन्न मुद्दामा नेपाली कांग्रेसले सरकारसँग छलफल, संवाद गरेर कार्य गर्न चाहेको उनको भनाइ थियो । सरकारले सञ्चालन गरेको संविधान संशोधनको बहसमा नेपाली कांग्रेसको चित्त नबुझेको बताउनुहुँदै संविधान संशोधन परिपक्व ढङ्गले अगाडि बढाउनुपर्नेमा सभापति थापाले सुझाव दिए।

कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले नेपाली कांग्रेसका नेतृत्व र पार्टीबाट सरकारी पदधारण गरेको व्यक्तिबीच समन्वय आवश्यक रहेको बताए । कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले कांग्रेस एक ढिक्का भएर अगाडि बढेको र यसलाई सबैको साझा कांग्रेस बनाउनका लागि सबैलाई आह्वान गरे। उनले पार्टीभित्र रहेका गुटबन्दी अन्त्य भएको समेत बताए। *रासस*

**प्रो. प्रेमरत्न शाक्य**
**सम्पर्क नम्बर:** ९८०४२३१०००
०५७५२०४३१
०५७५२५४३१

हामी कहाँ रेडिमेट गहना पाउनुको साथै अर्डर बमोजिम गहना बनाइन्छ।

**शाक्य प्लाजामा पसल, अफिस, ट्युसन सेन्टर, वित्तीय संस्थाको लागि कोठा भाडामा समेत रहेको छ ।**

**पूर्ण शाक्य एण्ड ब्रदर्श**
कान्तिराजपथ, हेटौंडा-२

दैनिक **प्रदेश**
PRADESH DAILY NEWSPAPER

**समाचार तथा विज्ञापनको लागि**
**सम्पर्क नं. ९८५५०८८१५१**

**नेपाल सरकार**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**हुलाक सेवा विभाग**
बबरमहल, काठमाडौं

**‘घरघरमा हुलाक, मनमनमा हुलाक’**

नेपाल हुलाकबाट प्राप्त हुँदै आएका तपशिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुर्‍याउनुहुन अनुरोध छ ।

*प्रमुख सेवाहरु*

**१.साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरगत साधारण पत्र, दृष्टिविहिनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**
* चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking System (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
* चिठ्ठी पुगे/नपुगेको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।


**३. पार्सल/पुलिन्दा सेवा**
* २ केजीदेखि २० केजिसम्मको सामान पठाउन सकिने
* हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट विक्री सेवा**
* नियमित टिकट विक्री र फिलाटेलिक सेवा

**५. व्यावसायिक सेवा**
द्रुत डाँक सेवा (Express mail service EMS)
* छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
* हुलाक वस्तुको अवस्था थाहा पाउन ट्रयाकिङ (Tracking) को व्यवस्था ।
* हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

एजेन्सी सेवाहरु (प्रत्यायोजित अधिकार अन्तरगतका सेवाहरु)
१. सूचनाको हक कार्यान्वयनसम्बन्धि अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (Cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, सञ्चारकर्मी परिचयपत्र नविकरण ।
४. पत्रपत्रिका दर्ता तथा अंक प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेवापत रकम भुक्तानी र सोको अनुगमन ।

**फोन नं.**: ०१-५३२४११६/११७, *Website: www. nepal post.gov.np, Email ID: admin@nepalpost.gov.np*




❑प्रकाशक/सम्पादक: गणेशदर्पण अधिकारी ❑कार्यालय: हेटौंडा-२, पल्पसारोड, ❑फोन नं.:०५७-५२४०११, ❑ईमेल:pradeshdaily@gmail.com ❑मुद्रण: बेङ्कटेश छापाखाना